# सम्मानीत उपाध्यक्ष श्रीमती शान्ति कुमारी मल्ल (भण्डारी) ज्यूले गुठिचौर गाउँपालिकाको १२ औं गाउँसभामा गर्नु भएको

# सम्बोधन

## गुठिचौर गाउँपालिका

## १० असार, २०७९

# गुठिचौर गाउँपालिकाको १२ औं गाउँसभा

## मितिः २०७९।०३।१०

**"शिक्षामा लगानी, परिवर्तनमा टेवा,**
**सरकारको सफलता, घरघरमा सेवा"**
**"Investment in Education, Support in Change,**
**Government Success, Door to Door Service "**

**सम्मानीत अध्यक्षा ज्यू,**
**सम्मानीत सभाका सदस्य ज्यूहरु,**

गुठिचौर गाउँपालिकाको समग्र विसकासलाई मध्यनजर गरेर गाउँपालिकाका जनताले अपेक्षागरे अनुरुपको स्थानीय शासन स्थापित गर्ने प्रयोजनार्थ सम्मानित उपाध्यक्ष श्री शान्ति कुमारी मल्ल (भण्डारी) ज्यूबाट यस १२ औं सम्मानित गरिमामय गाउँसभामा प्रस्तुत गरिएको वार्षिक नीति तथा कार्यक्रम र बजेट,

गाउँपालिकाको विकास निर्माणलाई तिव्रगतीदिँदै पालिकावासीहरुको जीवनमा परिवर्तनको अनुभुती गराउन र विद्यमान स्थानीय तहको आर्थिक तथा सामाजिक रुपान्तरणको अभिष्ट राखेर म आर्थिक वर्ष २०७९।८० को वार्षिक नीती तथा कार्यक्रम र आय व्याय सार्वजनिक गर्न यस गरिमामय सभामा उपस्थित भएको छु।

आगामी वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघीय र प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेटको अधिनमा रहेर गुठिचौर गाउँपालिकाको नीति, कार्यक्रम र बजेट यस सम्मानित सभामा प्रस्तुत गर्ने चेष्टा गरेको छु।

**सम्मानीत अध्यक्षा ज्यू,**
**सम्मानीत सभाका सदस्य ज्यूहरु,**

गुठिचौर गाउँपालिकामा थुप्रै समस्या र चुनौतीहरु भए तापनि सकारात्म सोच, निरन्तर कर्म र दृढ इच्छा शक्तिको जगमा शान्त, समृद्ध, समुन्नत र न्यायपूर्ण गाउँपालिका निर्माण गर्न सकिने प्रचुर सम्भावनाहरु रहेका छन्। सीमित श्रोत साधनको मितव्यायी, प्रभावकारी र दक्षतापूर्ण ढङ्गले परिचालन गरी गाउँपालिकाको विकास प्रक्रियालाई योजनावद्ध, नतिजाउन्मुख र उत्पादनमूलक बनाउने दिशातर्फ आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम र बजेटले परिलक्षित गरेको छ।

**सम्मानीत अध्यक्ष ज्यू,**

म यस सम्मानित १२ औं गाउँसभा समकक्ष आ.व. २०७९।८० का लागि समग्र विकास योजना तर्जुमा गर्ने निम्न बमोजिमको आय अनुमान पेश गर्ने अनुमती चाहन्छु।

| क्र.स. | वजेट शिर्षक | रकम रु |
|---|---|---|
| १ | गा पा को आन्तरिक स्रोत | १५००००० |
| २ | वित्तीय समानीकरण संघीय सरकार | ९२९००००० |
| ३ | राजश्व बाँडफाँड संघीय सरकार | ७५८३४००० |
| ४ | शसर्त अनुदान संघीय सरकार | ११२३००००० |
| ६ | वित्तीय समानीकरण प्रदेश सरकार | ८९६३००० |
| ८ | शसर्त अनुदान प्रदेश सरकार | १९१९०००० |
| ९ | विशेष अनुदान प्रदेश सरकार | ० |
| १० | समपुरक अनुदान प्रदेश सरकार | ० |
| ११ | राजश्व बाँडफाँड प्रदेश सरकार | ४५१००० |
| १२ | गत वर्षको अल्या | २७९१७६९८ |
| | **जम्मा** | **३३९०५५६९८** |

**सम्मानीत अध्यक्षा ज्यू,**
**सम्मानीत सभाका सदस्य ज्यूहरु,**

यस आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम र बजेट तयार गर्दा निम्न प्रकारका सिद्धान्तहरु अवलम्बन गरेको छु

१. नेपालको संविधानले प्रत्यभूत गरेका मौलिक अधिकारहरु राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरु र स्थानीय सरकार संचालन ऐन २०७४ लाई वार्षिक नीति तथा कार्यक्रम तय गर्ने प्रमुख आधारको रुपमा लिइएको छ ।
२. नेपाल सरकारबाट आ.व. २०७८।७९ को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई गुठिचौर गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्ने मूल आधारको रुपमा लिईएको छ ।
३. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्यविस्तृकरण प्रतिवेदनलाई मुख्य आधारको रुपमा लिईएको छ ।
४. गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपाल सरकारले अन्तर्राष्ट्रीय जगतमा प्रतिवद्धता कायम गरेका विषयहरु, विभिन्न सम्झौताहरुलाई महत्वपूर्ण सन्दर्भको रुपमा प्रयोग गरिएकोछ। न्यायलयबाट विभिन्न

समयमा प्रतिपादन भएका न्यायिक नजिर, सार्वजनिक महत्वका आदेश तथा फैसलाहरुलाई समेत नीति तथा कार्यक्रम तर्जुमामा महत्वपूर्ण आधारका रुपमा लिईएकोछ ।

५. पन्ध्रौं आवधिक योजनाले राखेका दिर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरुलाई मध्ये नजर गर्दै नीति तथा कार्यक्रमहरु तय गरिएकोछ ।

६. सहस्राब्दी विकास लक्ष्यहरुको अभ्यासबाट सृजित नौला अवसरहरुको सदुपयोग गर्दै विकासका लक्ष्यहरु हासिल गर्नका लागि स्थानीय स्तरबाट चाल्न सकिने कदमहरुलाई नीत तथा कार्यक्रम तर्जुमा गर्ने पद्धतको रुपमा लिईएकोछ ।

७. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय र कर्णाली प्रदेश सरकारबाट समय समयमा जारी भएका निर्देशिका परिपत्रहरुलाई समेत नीति तथा कार्यक्रम तर्जुमका आधारको रुपमा लिईएकोछ।

८. आम गुठिचौरवासीहरुको जनभावना र अपेक्षालाई समेत गाउँपालिकाको नीति तथा कार्यक्रमबाट सम्बोधन गर्ने प्रयास गरिएकोछ ।

९. स्थानीय तहलाई सबल, सक्षम, र मजबुत बनाउनको लागि देशभित्र र देश बाहिरका स्थानीय तहहरुसँग भगिनी सम्बन्ध कायम गरिएको हुनेछ।

**आयोजनाका प्राथमिकीरणका आधारहरु**

**सम्मानीत अध्यक्ष ज्यू**

आर्थिक वर्ष २०७९।८० को लागि विभिन्न आयोजनाहरु प्राथमिकीकरण गर्दा देहायका विषयहरुलाई आधारको रुपमा प्रयोग गरेकोछु ।

१. स्थानीय कला, संस्कृति, भेषभुसा, रितरिवाज, धर्म संस्कृतिलाई संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रमहरु,
२. रोजगारी सृजना गर्ने कार्यक्रमहरु,
३. स्थानीय स्तरमा करका दायराहरु अभिवृद्धी गर्ने कार्यक्रमहरु,
४. पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रमहरु,
५. न्याय सम्पादनलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउने कार्यक्रमहरु,
६. स्थानीय सरकारालाई वित्तीय दृष्टिकोणबाट आत्मनिर्भार बनाउने कार्यक्रमहरु,
७. बढ्दो सूचना प्रविधिको उच्चतम सदुपयोग गरि गाउँपालिकाको विकास, समृद्धि र सुशासन कायम गर्न डिजिटल प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने कार्यक्रमहरु,
८. पन्ध्रौं आवधिक योजना तथा अन्य क्षेत्रगत आवधिक योजनाहरुले निर्दिष्ट गरेका विषयहरु समावेश गरि क्रमागत एवं अधुरा रहेका योजनाहरु तथा थोरै रकममा मर्मत सम्भार गरि पुनःसञ्चालनमा ल्याउन सकिने योजनाहरु,
९. सर्वसाधारण नागरिकहरुलाई तत्काल प्रत्यक्ष राह तथा फाइदा हुने तथा स्वरोजगार प्रवर्द्ध हुने आय आर्जनमा टेवा पुऱ्याउने खालका योजना तथा कार्यक्रमहरु,

१०. आर्थिक विकास र गरिबी निवारणम प्रत्यक्ष योगदान पुऱ्याउने योजना तथा कार्यक्रमहरु,

११. कृषि उत्पादनमा वृद्धि गराइ गाउँपालिकालाई कृषिमा आत्म निर्भर गराउने खालका योजना तथा कार्यक्रमहरु,

१२. वातावरण संरक्षण तथा सम्वर्द्धन र जलवायु परिवर्तन अनुकुलनतामा सहयोग पुऱ्याउने प्रकारका योजनाहरु,

१३. स्थानीय स्रोतसाधन, सीप र क्षमताको अधिकतम परिचालन तथा सञ्चालन भई क्षमता विकास हुने किसिमका योजना तथा कार्यक्रमहरु, पिछडीएका समुदायहरु जस्तैः

**क)** दलिल, जनजाती, महिला तथा बालबालिका, अपाङ्ग, द्वन्द पिडीत विद्यार्थी तथा अति विपन्न वर्गको आय आर्जन तथा सिप वकासमा टेवा पुऱ्याउने मुख्य योजना तथा कार्यक्रमहरु,

**ख)** प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाहरुको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैरकृषि र सेवा क्षेत्रका कार्यक्रमका आयोजनाहरु,

**ग)** गाउँपालिकाको आन्तरिक आय स्रोत वृद्धि गर्ने कार्यक्रमहरु,

**घ)** सामाजिक परिचालका माध्यमबाट पहिचान गरिएका लक्षित समुहका मागहरुलाई सम्बोधन गरिने विषयहरु,

**ङ)** बढी भन्दा बढी जनसहभागितालाई सम्बोधन गर्न सकिने श्रममूलक कार्यक्रम तथा आयोजनाहरु,

**च)** लागत साझेदारीमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु,

**छ)** समुदायलाई विपद् तथा जलवायू परिवर्तन उत्थानशिल बनाउने आयोजना तथा कार्यक्रमहरु,

**ज)** सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरूको लागि विशेष प्राथमिकताका साथ अगाडी बढाइने नीति लिएकोछु।

**सम्मानीत अध्यक्षा ज्यू,**

**आ.व. २०७८।७९ को नीति तथा कार्यक्रम र बजेटको**

**सोचः**

प्रचलित कानुनको अधिनमा रही शासन प्रक्रियामा निश्पक्षता, पारदर्शीता, जवाफदेहीता र उत्तरदायित्वलाई विशेष प्राथमिकतादिई गाउँपालिकाभित्र कृषि र पर्यटनको माध्यमबाट गाउँपालिकालाई राजनितिक, सामाजिक, आर्थिक दृष्टिकोणले एक शान्त, समुन्नत र न्यायपूर्ण गाउँपालिका बनाउने दृघकालीन सोच सोच रहेको छ ।

**लक्ष्यः**

आर्थिक वर्ष २०७९।८० मा प्रस्तुत गरिएको नीति, कार्यक्रम र बजेट कार्यान्वयन प्रयोजनार्थ उपयुक्त कार्यक्रम बानाइ योजनाबद्ध कार्यशैलिबाट उल्लेखित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्ने लक्ष्य लिएको छ ।

**उद्देश्यः**

मूलुकको विद्यमान कानुनको अधिनमारही स्थानीय सरकार सञ्चालनमा निश्पक्षता, पारदर्शीता, जवाफदेहीता र उत्तरदायित्वलाई पालना गरि विकास व्यवस्थापनमा नियमितता, मितव्यायिता, कार्यदक्षता, प्रभावकारिता, आवश्यकता र औचित्यतालाई अवलम्बन गरि एक वर्षभित्र सम्पूर्ण गुठिचौरवासीहरुलाई सुशासनको प्रत्यभूती गराइनेछ।

**अपेक्षित उपलब्धीः**

आ.व. २०७९।८० को अन्त्यसम्ममा देहायको उपलब्धीहरु हासील गर्न सकिने अपेक्षा राखिएको छः

- सडक पुगेका स्थानहरुमा मौजुदा सडकहरुको स्तरोन्नती गरि सुरक्षित, गुणस्तरीय र भरपर्दो यातायातको पहुँचमा वृद्धी भएको हुनेछ ।
- गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयका भौतिक संरचनाहरुको निर्माण कार्य सुरू गरि सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी कायम भएको हुनेछ ।
- कृषि उत्पादनलाई व्यावसायीक र आधुनीकीकरण तर्फ लैजना सामूहिक कृषि, चक्लाबन्दी र व्यावसायीक कृषिमा जोडदिइ उत्पादकत्व वृद्धि गरिनेछ ।
- गुठिचौर गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा सुधार गर्दै हालको विश्व परिवशे समेतलाई ध्यानमा राखि स्वास्थ्य संस्था तथा स्वास्थ्य चौकीहरुको स्तरोन्नती गरि जनतालाई गाउँघरमै गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।
- शिक्षामा गुणस्तर कायम गर्न गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरुको आर्थिक, भौतिक र शैक्षिक अवस्था सुधारभई आवश्यक जनशक्ति व्यवस्थापन गरिएको हुनेछ।
- विपद व्यावस्थापन पूर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनुका साथै विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतनामूलक तथा सन्देशमूलन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र विद्यमान गरिबीलाई न्यूनीकरण गर्न उपलब्ध स्रोत साधनको नियमितता, मितव्यायी, कार्यदक्षता र प्रभावकारी ढङ्गले प्रयोग भएको हुनेछ।
- बेरोजगार युवाहरुलाई व्यावसायीक तालिमहरुको माध्यमबाट रोजगारी सृजना गरिएको हुनेछ।
- गाउँपालिका अन्तर्गतका सार्वजनिक संस्थाहरूमा उच्चतम सूचना प्रविधिको प्रयोग भएको हुनेछ।

**सम्मानीत अध्यक्षा ज्यू,**

गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम तयार गर्दा तपशिलमा उल्लेखित प्रमुख नीति तथा आधारहरूलाई आधारको रुपमा लिएको छु,

- स्थानीय तहको शासन सञ्चालन गर्न आवश्यक कानुनहरु तर्जुमा गरि सम्मानित गाउँसभाबाट पारित गराइ आम नागरिकलाई स्थानीय सरकारको आभाष दिलाइनेछ।
- उत्पादन र उत्पादकत्वमा वृद्धि, पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा पहुँच, मानव पूँजी निर्माण, रोजगार सृजना, आय असामानता र बहुआयमिक गरिबीको दरमा कमी दिगो विकास र पर्यावरणीय सन्तुलन, स्थानीय सरकारको सुदृढीकरण र सुशासलाई प्राथमिकतामा राखिनेछ।
- सकारात्मक सोचका साथ समृद्धिको दृष्टि तयगरी योजनाबद्ध तरिकाले अघि बढ्ने नीति लिइनेछ।
- विकासका कार्यहरुलाई परिणाममूखी बनाउन नतिजामा आधारित विकास गर्ने परिपाटी अवलम्बन गरिनेछ।

- कम लागतका साना साना टुक्रे योजनामा लागि न्यूनीकरण गरी ठूला तथा परीणाममूखी योजनाहरुलाई बढी प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ।
- रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति, प्रगति, समृद्धि एवं विकासको दुरदृष्टि तय गरी योजनाबद्ध तरिकाले अगाडी बढ्न गाउँपालिकाको विद्युतीय प्रोफाइल तयारी चरणमा रहेकोले यसको निर्माण गरी गाउँपालिकाको पञ्चवर्षीय गुरू योजना तयार गरिनेछ।
- समृद्ध गाउँपालका निर्माणका लागि तीन खम्बे (निजी, सार्वजनिक र सहकारी) रणनीति अवलम्बन गरिनेछ।
- बजेट विनियोजन गर्दा संघीय सरकार र प्रदेश सरकारले अख्तियार गरेको नीतिलाई आत्मसात गरिनेछ।
- कृषि उत्पादलाई जोडदिइ कृषिको आधुनीकीकरण र व्यावसायीकरण गर्दै कृषिमा आत्मनिर्भार अर्थतन्त्र बनाउने तर्फ जोड दिइनेछ। साथै व्यावसायीक तालिमामार्फत बेरोजगार युवाहरुलाई रोजगारी सृजना गर्ने वातावरण तयार गरिनेछ।
- विद्यार्थीसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरी आम गाउँपालिका अन्तर्गतका विद्यार्थीहरुलाई नजिकको सरकारको आवास दिलाइनेछ।साथै महिलासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ।
- यस गाउँपालिका अन्तर्गत पाइने जडिबुटीको उत्पादन र प्रसोधनमा विशेष ध्यान दिइनेछ र यसको संरक्षणको लागि आवश्यक पहल गरिनेछ।
- रज्जुमार्ग, मेघामा विद्युत उत्पादन र ठाकुर ज्यू चुत्र पाटन क्षेत्रमा पर्यटन विकासको लागि सम्भाव्यता अध्ययन परामर्शदाताबाट परामर्श लिई आगामी आर्थिक वर्षबाट कार्यान्वयन गराइनेछ।
- टोलको विकास नै वडाको विकास र वडाको विकास नै गाउँपालिकाको विकास भएकोले समृद्ध गाउँपालिका निर्माण गर्न आफ्नो टोल आफै बनाउँ भन्ने भावनाको विकास गरिनेछ।
- माध्यामिक र निम्न माध्यामिक तहमा कम्प्युटर शिक्षामा जोड दिइनेछ साथै प्रत्येक विद्यालयमा पुस्तकालय स्थापना गराइने छ। **ECD** कक्षाकोठाको आधुनिकीकरण गरिनुको साथै खेल सामग्री, शैक्षिक सामग्री समेत उपलब्ध गराइनेछ।
- गाउँपालिका देखि प्रत्येक वडासम्म जोड्ने सडकको स्तरोन्नती गरिनेछ साथै ग्रावेल र पिच गर्नका लागि संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।
- दलित, जनजाती, अल्पसंख्याकहरुको आवश्यकता र क्षमताको पहिचान गरि उनीहरुको जीवनस्तरमा सुधारका लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ।
- जडिबुटी र फलफूलको उत्पादनमा जोड दिइनेछ साथै बजारीकरणका लागि आवश्यक पहल गरिनेछ।
- जनतका आधारभूत आवश्यकतालाई पहिलो प्राथमिकतामा राखी बजेट बिनियोजन गरिनेछ।
- गाउँपालिकाको नियमित प्रशासनीक सेवालाई सहज र सरल रुपमा उपलब्ध गराइनेछ।

- सेवाग्राहीको गुनासो तथा उजुरीलाई तत्कालै सुनुवाई गर्ने व्यवस्था गरिनेछ।
- गाउँपालिकाले प्रदान गर्ने सेवालाई पारदर्शी, जवाफदेही, उत्तरदायी र कर्तव्यनिष्ठ बनाइनेछ।
- गाउँपालिका अन्तर्गतको पूर्वाधार विकास र सामाजिक विकसालाई एकसाथ अगाडी बढाइनेछ।

**सम्मानीत अध्यक्षा ज्यू,**

गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम  तयार गर्दा तपशिलमा उल्लेखित क्षेत्रहरुलाई आधारमानी क्षेत्रगत नीति तथा कार्यक्रम तयार गरेको छु,

**आर्थिक विकासः**

**कृषि तथा पशुपन्छी विकास**

- नेपाल सरकारले लिएको नीति तथा कार्यक्रम अन्तर्गत "**समृद्ध नेपाल, सुखि नेपाली**" र कर्णाली प्रदेश सरकारले लिएको नीती तथा कार्यक्रम अन्तर्गत  "**समृद्ध कर्णाली, सुखारी कार्णाली वासी**"  नारालाई सार्थक तुल्याउन एक गाउँ एक उत्पादन कर्यक्रम संञ्चालन गरिनेछ ।
- कृषि पेशालाई मर्यादित र व्यावसायिक बनाउन कृषिमा यान्त्रिकीकरणलाई जोड दिइनेछ ।
- कृषि क्षेत्रको विकासका लागि कृषि पुर्वाधार निर्माणमा जोड दिईनेछ ।
- गाउँपालिका स्तरिय नमुना कृषि फर्म स्थापना गरी संञ्चालनमा ल्याउनको लागि आवश्यक कदम चालिनेछ।
- गुठिचौर गाउँपालिका अन्तर्गत रहेका कुनै पनि व्यावसायीक कृषकहरुलाई गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ। साथै उनीहरुलाई करको दायरामा ल्याइनेछ।
- गाउँपालिकाको आर्थिक विकासलाई गति दिनका लागि संभाव्य लगानीका क्षेत्रहरु पहिचान गरि सोको जगमा **२०७९ भाद्र महिनामा गुठिचौरमा लगानी सम्मेलन** गरिनेछ।
- कृषि उत्पादन र यसको बजारीकरणका लागि आवश्यक पहल गरिनेछ ।
- रैथाने वालिको संरक्षण तथा प्रवर्धनको लागि विशेष जोड दिईने छ ।
- गुठिचौर गाउँपालिकामा स्याउ खेति र ओखर खेति क्षेत्रको विस्तार गरिनेछ ।
- **"Learninig by Doing and Seeing by Believing"** कृषि प्रसारको मुख्य सिद्धान्तलाई आत्मसाथ गर्दै कृषकलाई आधुनिक कषि प्रविधिको बारे जानकारी गर्न अन्तर  जिल्ला कृषि  भ्रमण गराईनेछ ।
- खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न सिमि,  फापर, आलु लगायतका रैथानेबाली तथा तेलहन बालीको उत्पादकत्व वृद्धिका लागि प्रोत्साहन स्वरुप अनुदान प्रदान गरिनेछ।
- कृषि तथा पशुपन्छि सम्वन्धि तथ्यांक अध्यावधिक गरिनेछ ।
- कृषि तथा  पशु पकेटको व्यावस्था गरिनेछ ।
- गाँउपालिकाभित्र व्यूटाकुलर निषेध गरिनेछ र त्यसको लागीि गाँउपालिकाबाट जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पशुपालनमा आत्मनिर्भर पशुपालक कृषकहरुलाई प्रोत्साहन स्वरुप गाउँपालिकाबाट आवश्यक सेवा सुविधा उपलब्ध गराइनेछ।

- **"एक गाउँ एक उत्पादन, एक घर एक बगैंचा"** को अवधारणलाई अबलम्बन गरिने छ ।
- सम्भाव्य उत्पादनको आधारमा स्याउ,आलु, भेडाबाख्रा र दुधको पकेट क्षेत्र घोषणा गरिने छ ।
- प्रत्येकक गाउँमा रितिथिती बसाल्का लागि चौकिदारको ब्यावस्था गरि कृषि उत्पादनमा टेवा पुर्याईनेछ ।
- प्रत्येक वडाका २० जना युवाहरुलाई उनीहरूको आवश्यकता र क्षमताको आधारमा सिपमुलक तालिम प्रदान गरिनेछ ।

**उद्योगिक विकास उद्यमशीलता प्रवर्धनः**

- स्थानीय उद्योगधन्दा र व्यापार व्यावसायबाट उत्पादिन वस्तु तथा सेवाको बजारीकरणको प्रबन्ध मिलाइनेछ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र वजार प्रतस्पर्धा वृद्धि गर्नको लागि समुहमा प्रविधि हस्तान्त्रण कार्यक्रम संञ्चालन गरिनेछ ।
- प्रतिस्पर्धाबाट छनोट भएका व्यावसाय मार्फत उद्यमिहरुको स्तरोन्ति गरिनेछ ।

**पर्यटन प्रवर्धनः**

- गुठिचौर गाउँपालिकामा रहेका होमस्टेहरुको स्तरोन्ति गरि आन्तरिक तथा वाह्य पर्यटकहरुलाई गाउँपालिकामा भित्र्याइ आम मानिसको आयआर्जनमा वृद्धि गरिनेछ। गुठिचौर गाउँपालिकालाई **पर्यटन केन्द्र (Tourism Hub)** को रुपमा विकास गर्न **होमस्टे** पर्यटन पदयात्रा, प्यारागलाईडिङ र मेडिटेशन सेन्टर निर्माणमा जोड दिईनेछ।
- गुठिचौर गाउँपालिका अन्तर्गत रहेका पर्यटकीय स्थलहरु गोठिचौर, ठाकुर ज्यू, गरुणानी दुधकुण्डली र चिमारामालिकामा आवश्यक पूर्वाधार विकासलाई जोड दिइनेछ।

**सामाजिक विकासः**

- सहिद, घाइते तथा अपाङ्ग र पूर्व जनमुक्ति सेनाहरुको कल्याणको लागि आवश्यक कार्यक्रमहरु बनाइ कार्यान्वयन गरिनेछ।
- गाउँपालिका अन्तर्गतका विभिन्न समयमा घट्ने घटनाहरुको दर्ता अभिलेखीकरण गर्नका लागि गाउँपालिका स्तरमा घटनादर्ता सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पोषणमैत्री टोल बस्ती घोषणाका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- गाउँपालिका अन्तर्गतको प्रहरी चौकी आवश्यक समन्वय गरी मदिरा तथा लागुऔषध दूर्वेसनी नियन्त्रणका लागि कार्यक्रमहरु अगाडी बढाइनेछ।
- वडा नं १ र २ का सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको समस्यलाई मध्येनजर गर्दै सनराइज बैंकको शाखा विस्तार गरिनेछ।
- बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण मैत्री स्थानीय शासन(क्षि० अबलम्बन गर्न पोषण मैत्री वार्ड घोषणाका लागि बिशेष अभियान सन्चालन गर्ने छ । यस्का लागि एक वडा, एक पोषण मैत्री नमुना गाउको अभियान यसै बर्षबाट कार्यान्वयन गरिनेछ । वडाले प्राप्त गर्ने बजेटबाट समेत बजेट

बिनियोजन गरी वार्ड घोषणा अभियानलाई बिशेष प्राथमिकतामा राखि कार्य गरिनेछ । यस बर्ष वार्डका टोल बस्तीहरुलाई पोषण मैत्री टोल वस्ति घोषणा गरिनेछ ।

- नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस गुठिचौर गाउपालिकाले उच्च प्राथमिकतामा राखे छ । सोही अनुरुप आ.ब.को २०७९।०८० को लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट र यस गाँउपालिकाले छुट्याएको समपुरक रकम समेतलाई बिषयगत तथा क्षेत्र गत बिनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरीने छ ।
- बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलापहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिने छ ।
- नगर तथा गाँउ पालिकाको पोषण सम्बन्धी सुचना, तथ्यांकहरुको व्यबस्थापनको कमी भएको कुरालाई महशुस गर्दै नगर वा गाँउ पालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरीय पोषण पाश्र्व चित्र( ल्रातचष्तष्यल एचयाषभि० यसै बर्ष भित्र तयार गरिने छ ।
- समाजमा बिद्यमान कुरितीहरु जस्तैः छाउपडी, बाल बिबाह र छुवाछुत जस्ता संस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गरिने छ ।
- सवैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ ।
- न्यूनतम आधारभुत सामाग्री सम्पन्न हुनेगरी स्वास्थ्य संस्थाहरुको व्यवस्थापन गरिने छ त्यसबाट गुणस्तरिय सेवाको सुनिश्चितता गर्दै मृत्युदरलाई शुन्यमा झार्ने लक्ष्यका साथ अघि बढ्दै गर्भवती र सुत्केरी जाँच घरमा र प्रसुति स्वास्थ्य संस्थामा गर्ने निति अवलम्वन गरिने छ ।
- सुनौला १००० दिनका आमाहरु र शिशुलाई पोषणका लागी आवश्यक व्यवस्था मिलाईने छ । बहुक्षेत्रिय पोषण कार्यक्रम लाई एकद्धार प्रणालीमा ल्याईने छ ।
- पोषण बिशेष पोषण सम्वेदनशिल र पोषण समर्थ बनाउने वातावरण सम्बन्धी कार्यक्रमको विस्तार गरी महिला किशोरी तथा बालबालिबाको पोषण अवस्थामा सुधर ल्याई मानव पुँजीको विकास गर्ने नितिको अवलम्वन गरिने छ ।
- नेपाल सरकारले अवलम्वन गरेको बहुक्षेत्रिय पोषण योजनाले इङ्गित गरेका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- दीगो पोषण सुधारका लागी एक घर एक करेसावारी बाह्रै महिना हरियो तरकारी कार्यक्रम लागु गर्न पहल गरिनेछ ।

- कुपोषण न्यूनिकरणका लागी ५ बर्ष मुनिका बालबालिकाको पोषण लेखाजोखा गरी पत्ता लागेका कुपोषित बच्चाहरुको उपचार र व्यवस्थापन गर्ने नितिको अवलम्वन गरिनेछ ।
- एकिकृत पोषण पाठशाला सबे वडाहरुमा सञ्चालन गरिनेछ । पशुपंक्षी पालौः कुपोषणलाई फालौ भन्ने नीतिलाई अवलम्वन गरिनेछ ।
- जिल्लामा रहेका रोजगारीको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुसँग आवश्यक समन्वय गरि कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

**शिक्षाः**

- शिक्षालाई गुणस्तरिय वनाउन सामुदायिक विद्यालयमा सुचना तथा संञ्चार प्रविधिको प्रयोगलाई वढवा दिइनेछ ।
- गाउँपालिका भित्र नमुना अंग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्नेगरी आवश्यक व्यवस्थापन गरिनेछ। जिर्ण अवस्थामा रहेका पूर्वाधारहरुको भौतिक पूर्वाधारहरुको मर्मत संभार गरिनेछ।
- आफ्नो विषयमा राम्रो रिजल्ट ल्याउने विषयगत शिक्षकलाई पुरस्कारको व्यवस्था गरिनेछ।
- विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारिहरुलाई विद्यालयमा नियमित बनाउनको लागि डिजिटल हाजिरीको व्यवस्था गरि प्रयोगमा ल्याइनेछ।
- सारक्ष गाउँपलिका घोषणा गर्नको लागि आवश्यक कदम चालिनेछ ।
- विदयालय शिक्षालाई प्रविधिसँग जोड्नको लागि प्रत्येक माध्यामिक विद्यालयमा एक कम्प्युटर शिक्षक सहित एक कम्युटर प्रयोगशाला स्थापना गरिनेछ ।
- दरबन्दि नभएका विद्यालयहरुमा स्वयम् सेवक दरबन्दि सृजना गरि शिक्षाको गुणस्तरीयता कायम गरिनेछ।
- प्रत्येक विद्यालयमा शिक्षण विधिलाई डिजिटाइजेसन गर्नको लागि माध्यामिक विद्यालयमा प्रोजेक्टरको माध्येमबाट पठनपाठन कार्यलाई अगाडी बढाइनेछ।
- जोखिममा परेका बालबालिकाहरुलाई शिक्षामा पहुच पुर्याउनको लागि विशेष ब्यावस्था गरिने छ।
- विद्यार्थिहरुको क्षमता विकासको लागि अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु संचालन गरिनेछ।
- पालिकास्तरमा शैक्षिक क्यालेन्डर बनाई कार्यान्वयन गरिनेछ।
- पालिका स्तरमा उत्कृष्ट अंक ल्याउने विदयार्थिहरुलाई प्रोत्साहान स्वरुप पुरुस्कारको ब्यावस्था गरिने छ।
- गाउँपालिका अन्तर्गतका लोकसेवा तयारी गर्ने विपन्न, गरिब, दलित, अल्पसंख्याक विद्यार्थीलाई छत्रवृती उपलब्ध गराइनेछ।

**स्वास्थ्य**

- गाउँपालिका स्तरमा ५ (पाँच) शौयाको अस्पताल स्थापनाको लागि उपयुक्त स्थानको खोजि गरि सोको पूर्वाधार निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढाईनेछ ।
- स्वास्थ्य चौकिको भौतिक पुर्वाधारमा स्तरोन्नति गरिनेछ ।कम्तिमा एउटा स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नति गर्न सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।
- जेष्ठ नागरीक निशुल्क स्वास्थ्य चेकजाँच अभियान प्रारम्भ गरिनेछ ।
- आम मानिसको पोषण अवस्था सुधार गर्न स्थानिय स्तरमा प्राप्त खाध्यन्नको उपयोग गरिनेछ ।
- प्रभावकारी स्वास्थ्य सेवाको लागि एम्वुलेन्सको व्यावस्था गरिनेछ।
- अतिविपन्न घर परिवारको लागि स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी ढङ्गले कार्यन्वयन गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवा कायम गर्नको लागि गाउँपालिका स्तरमा स्वास्थ्य प्रयोगशालाको स्थापना गरिनेछ।
- ग्रमिण स्वास्थ्य चेक जाँचलाई गर्भवति महिलाको पहुच कायम  गर्नको लागि **ग्रमिण अल्ट्रासाउन्ड मेसिन**को व्यावस्था गरिनेछ ।
- बिशेषज्ञ डाक्टरको उपस्थितिमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- आयुर्वेदिक स्वास्थ्य तथा उपचार विधिलाई प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभुत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चितता गरिनेछ।
- गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक रुपमा भौतिक पुर्वाधारको व्यावस्था गरिनेछ।

**खानेपानि तथा सरसफाई**

- स्वच्छ खानेपानीमा स्थानिय जनताको सहज पहुँच अभिवृद्धि गरिनेछ ।
- पालिका भित्र रहेका खानेपानि आयोजनाहरुको उचित मर्मत संभार र रेखदेख गरी स्वाच्छ खानेपानिको व्यावस्था मिलाईनेछ ।

**संस्कृतिक प्रर्वदन**

- गुठिचौर गाउँपालिकामा रहेका कला , संस्कृति ,भाषा ,धर्म र सम्प्रदायको संरक्षण एंव विकासलाई जोड दिईनेछ ।
- गाउँपालिकामा रहेका पुरातात्विक महत्वका वस्ति, संरचना,मठ, मन्दिर ,गुम्वा, स्तम्भ, ताम्रापत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरहरूको पहिचान गरी संरक्षण तथा अभिलेखिकरण गरिनेछ ।
- गुठिचौर गाउँपालिकामा रहेको संस्कृतिक सम्पदाको संरक्षण गर्न आवश्यक वजेट विनियोजन गरिनेछ।
- दलितहरुको सिप संरक्षण गर्नका लागि सिप संरक्षण गर्नका लागि संघीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी संग्रहालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

**पूर्वाधार विकासः**

**(क) सडक**

- गाउँपालिका केन्द्रवाट प्रत्येक गाउँ वास्ति र वडा केन्द्रलाई जोड्ने सडकको स्तरउन्नति गरीनेछ ।
- कच्चि सडकलाई दोहोरो नाला सहित ग्राभेल भएको सडकलाई क्रमशः कालोपत्रे गर्नको लागि संघिय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।
- पालिका क्षेत्र र आसपासमा रहेका सडकको दायाँ वायाँ वृक्षरोपण गरि हरित गाउँपालिका निर्माण गरिनेछ ।
- गाउँपालिका स्तरीय यातायात गुरुयोजनाले निदृष्ट गरेका सडकहरुमा प्राथमिकताका आधारमा लगानी गर्ने तथा गाउँपालिकाको स्रोतले सम्पन्न हुन नसक्ने अवस्थाका ठूला सडकलाई सरोकारवाला सम्वन्धित निकायसँग समन्वय गरी निर्माण गरिनेछ ।

**(ख) सिचाई**

- सिचाई योग्य जमिनको उचित संरक्षण गरी कृषि उत्पादनमा आत्मनिर्भरता कायम गरीनेछ ।
- पालिकाभित्र रहेका सिँचाईकुलोहरुको मर्मत सम्भार गरिनेछ ।
- खेतियोग्य जमिनमा उचित सिचईको प्रबन्ध गरि कृषि उत्पादनमा वृद्धि गरिनेछ ।

(ग) **जलविद्धुत**

- गुठिचौर गाउँपालिकालाई समृद्ध, सम्पन्न बनाउनको आवश्यक पर्ने उर्जा सम्पुर्ण गाउँपालिकावासिलाई पर्यास पुग्ने गरी हाईड्रोपावर संञ्चालनमा ल्याउने कार्य थालनि गरिनेछ।
- वैकल्पिक उर्जाको प्रयोगलाई वढवा दिईनेछ ।
- यस गाउँपालिकामा पर्ने सबै खाले विद्युत आयोजनाको स्तरोन्नति गरी विद्युत सेवामा परिपुर्ति गरी आर्थिक आम्दानि बढाउने निति तय गरीनेछ ।
- राष्ट्रिय विद्युत प्रसारण लाइन विस्तारका लागि राष्ट्रिय विद्युत प्राधिकरणसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- जलविद्युतको माध्यामवाट गुठिचौर गाउँपालिकाको आर्थिक सामाजिक रुपान्तरणको लागि सम्वद्ध निकायसँग आवश्यक समन्वय गरेर मौजुदा खोला/नदिको सम्भाव्यता अध्यन गरी आयोजना संञ्चालनको लागि समन्वय तथा सहजिकरण गरिनेछ । ऊर्जाको चरम संकटबाट तत्कालिन रुपमा राहत दिनका लागी गाउँपालिका अन्तर्गत रहेका लघु जलविद्युत आयोजनाहरुको मर्मत संभारका लागि आवश्यक बजेट बिनियोजन गरिनेछ।

**(घ) सञ्चार**

- पालिका क्षेत्रमा **4G** सेवा विस्तारको लागि सम्बन्धित निकायसँग पहल गरी 4G सेवा विस्तार गरीनेछ।
- गुठिचौर गाउँपालिका अन्तरर्गत रहेका सस्थाहरुमा (स्वास्थ्य चौकी विद्यालय र प्रहरी चौकिमा) ईन्टरनेट सेवाको व्यावस्था गरिनेछ ।

**वातावरण तथा विपद व्यावस्थापनः**

**(क) वातवरण संरक्षण**

- भौतिक संरचना निर्मण वातावरण मैत्र हुनेगरी  निर्माण गरिनेछ ।एउटा संरचना वन्दै गर्दा अर्को प्रकृतिक सम्पदा विनास हुने प्रकृतिको अन्त्य गर्नको Bio-engineering सहितको पूर्वाधार निर्माण गर्ने नीति अख्तियार गरिनेछ।
- नाङ्गा डाँडाहरुमा वृक्षरोपण गर्न सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ साथै वृक्षरोपण गरी प्रकृतिक प्रकोपवाट जोखिमलाई न्युनिकरण गर्ने निति अवलम्वन गरीनेछ ।
- **"एक घर एक विरुवा, एक घर एक करेसावारी"** अभियान सञ्चालन गरिनेछ ।

**(ख) फोहोरमैला व्यावस्थापनः**

- एक घर दुई खल्टाको नितिलाई अभियानको रुपमा लिई उत्पादित फोहोरलाई रिसाईक्लिन, रियुजिङ र रिडियुसिडको मध्यामवाट मोहोरमा रुपान्त्रण गरिनेछ ।
- गुठिचौर गाउँपालिकामा रहेका पर्यटकिय तथा धार्मिक स्थलहरु, नदि, मन्दिर, गुम्वा, चौरहरुलाई सफासुग्घर राखिनेछ । उक्षेत्रको फोहोरलाई व्यावस्थित गर्न आधुनिक ल्याण्ड फिल साइड निर्माणको लागी जग्गाको खोजी गरिनेछ ।
- जथाभावी फहोर गर्ने व्यात्ती वा निकाय लाई On the Spot Punishment हुने गरी कानुन बमोजिम कारवाही गरिनेछ ।
- पलाष्टीक जन्य वस्तुको प्रयोग गर्ने कार्यलाइ निरुत्साहित गर्ने अवलम्बन गरिनेछ र प्रत्येक घर वा टोलमा डस्विन राख्न आवश्यक पर्ने वजेटको व्यावस्था गरिनेछ । खुला दिशामुक्त क्षेत्र भइसकेको यस गाँउक्षेत्रमा पूर्ण सरसफाइका साथ एकता सम्बन्धि कार्यक्रम हरु ल्याइनेछ ।
- गुठिचौर गाँउपालिका वडाहरुमा टोल सुधार समिति गठन गरि क्षमता बृद्धिका कार्यका कार्यक्रमहरु ल्याइनेछ ।
- सार्वजनिक शौचालय हरुलाइ व्यावस्थित गर्नका लागी शौचालय संग टहरा निर्माण गरी टहरामा पसल स्थापना गरी शौचालय प्रयोग गरे वापतको शुल्क लिइ व्यावस्थित रुपमा सुचारु गर्न उक्त पसलवाला लाइ जिम्मेरवार र उत्तरदायी बनाउने निती लिइनेछ ।
- पूर्ण सरसफाइ सम्बन्धी रणनीतिक योजना निर्माण गरि कार्यक्रमहरुको विविध क्रियाकलाप अभियानका रुपमा संचालन गर्न विशेष पहल गरिनेछ ।

**(ग) वन तथा वातावरण संरक्षण**

- गाउँपालिका भित्र रहेका वनहरुको उचित संरक्षणको व्यावस्था गरिनेछ ।
- पहिरो तथा भुक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने त्यसको संरक्षण र उपयोग गर्न सम्वन्धित समुदालाई परिचालन गरिनेछ ।

- गाउँपालिका भित्र जलवायु परिर्वतनले पारेको प्रभाव तथा असरवारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरण गर्न पहल गरिनेछ।
- जलवायु परिवर्न सम्वन्धि जनचेतनामुलक कार्यक्रम संञ्चालन गरिनेछ ।

**(घ) विपद् व्यावस्थापन**

- गाउँपालिका भित्र हुने सक्ने विपद व्यावस्थापन गर्न एक आकस्मिक कोष स्थापना भई सकेकोले उक्त कोषको मित्तव्यि तरीकाले सञ्चालन गरिनेछ ।
- प्रकोप नियन्त्रण तथा रोकथाम गर्न र विपद् व्यावस्थापन गर्नको लागि वडा स्तरिय विपद् व्यवस्थापन कोष खडा गरिनेछ ।
- गुठिचौर गाउँपालिकामा आईपर्ने सम्भावित मानवीय, प्राकृतिक र भौगोलिक जोखिमलाई दृष्टिगत गरी जोखिमता हुनु पुर्व विपद् व्यावस्थापन प्रतिकार्य योजना बनाई लागु गरिनेछ ।

**संस्थागत विकास तथा सेवा प्रवाहः**

- गाउँपालिकामा उपलव्ध मानव संसाधनको क्षमता विकास गर्न आवश्यक तालिमको व्यावस्था गरिनेछ।
- सार्वजनिक सेवालाई प्रभावकारी वनाउन सूचना प्रविधिको प्रयोगलाई कार्यन्वयनमा ल्याईनेछ **योजना, राजश्व, जिन्सि, Bulk SMS** जस्ता सप्टवेयर लागु गरिनेछ ।
- गाउँपालिकामा उपलव्ध जनसक्तिको कार्यविवरण तयार गरी **Right man in Right place** नीति अवलम्वन गरिनेछ ।
- कर्मचारीको कार्य सम्पादन मुल्याङकनको आधारमा पुरस्कार दण्डको व्यावस्थ गरिनेछ ।
- कार्यालयमा कामको प्रकृति अनुसार कर्मचारीहरुको अभावलाई न्यूनीकरण गर्न आवश्यकता अनुसार थप कर्मचारीको व्यवस्था गरिनेछ।
- संघिय सरकारले कर्मचारीहरुको लागि व्यावस्था गरेको सेवासुविधालाई निरन्तरता दिईनेछ ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई प्रचलित ऐन नियम तथा कार्यविधिको वारेमा अभिमुखिकरण सम्वन्धि कार्यक्रम संञ्चालन गरिनेछ ।
- वडा कार्यालय र गाँउपालिका विचको पत्राचार इन्टरनेटको माध्यमबाट गरिनेछ ।
- शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा जस्ता विषयगत श्रोतमा योग्यता हासिल गरेका नौजवान युवाहरलाई **Intership** कार्यक्रम मार्फत रोजगारी सृजना गरिनेछ।
- प्रत्येक वडा कार्यालयहरुमा संचार माध्यमको रुपमा इमेलको व्यावस्था गरी प्रभावकारी लागु गरिने छ ।

**संस्थागत पुर्वाधार**

- गाँउपालिका वडा पालिका प्रहरी चौकीको भवन निर्माणको लागी आवश्यक पर्ने जग्गा खरिद गर्ने निती अवलम्बन गरी बजेटको व्यावस्थापन गर्ने ।

- गाँउपालिकाको प्रमुख प्रशासकिय भवनको निर्माण कार्यको थालनी गरिनेछ ।
- गाउँपालिका क्षेत्रलाई हरित क्षेत्रको रुपमा विकास गरिनेछ जसका लागि गाउँपालिकाको चरैतिर र गाउँपालिकासँग जोडिएका ग्रामीण सडकहरूको किनाराहरुमा वृक्षारोपण गरिनेछ र सोको लागि एक जना मालिको व्यवस्था पनि गरिनेछ।

**नागरिक वडा पत्र**

- प्रत्येक वडा कार्यालयमा क्षतिपुर्ती सहितको नागरिक नागरिक वडापत्रको व्यावस्था गरिनेछ ।
- पालिकाले पर्दान गर्ने सेवा प्रवाहमा पहिले आउनेलाई पहिला सेवा प्रदान गर्ने प्रणाली स्थापना गरी **First in first out (FIFO)** मान्यतामा सेवा प्रवाह गरिनेछ ।
- गाँउपालिकामा हेल्पडेक्स निर्माण गरिनेछ ।

**वित्तीय व्यावस्थापन र सुशासन**

**(क) राजश्व परिचालन**

- कर वर्गिकरण तथा कर संकलन लाई सरलिकरण गर्न विशेष किसिमको सुधार कार्यक्रम ल्याइनेछ ।
- कर संकलन लाई व्यावस्थित एवं वैज्ञानिक ढंगले संचालन गर्न **Electonic revenuecollection System** को संचालन गरिनेछ ।
- एकृकित सम्पती कर लागु गरिनेछ ।
- आर्थिक वर्ष २०७९।८० मा करका क्षेत्रहरु पहिचान गरि करको दायरमा ल्याइनेछ।
- आम जनतालाइ कर तथा राजश्वका महत्वका बारेमा जनचेतना विस्तार गरिनेछ ।
- राजश्वको दायरा फराकिलो गरि राजश्वको विविधिकरण एवं विस्तारिकरणमा जोड दिइनेछ ।

**(ख) बेरुजु फछ्यौट**

- यस गाँउपालिकालाई बेरुजु रहित बनाउन नियम कानुनको अधिनमा रही कार्यसम्पादन गरिनेछ। समयमै बेरुजु असुल उपर गर्ने व्यात्ती संस्थालाइ उचित पुरस्कारको व्यावस्था गरिनेछ । बेरुजु असुलिलाई कडाइका साथ अवलम्बन गरी बेरुजु रहित गाँउपालिका बनाइनेछ ।

**(ग) सार्वजनिक सुनुवाइ**

- गाँउपालिकाबाट प्रवाह हुने सेवाको वारेमा समय समयमा सार्वजानिक गरिनेछ ।
- सार्वजनिक परिक्षण सार्वजनिक सुनुवाइलाइ बढावा दिइ दिगोपन ल्याउने कार्य गरिनेछ ।
- संघ र प्रदेश बाट संचालित योजनाहरुको स्थानिय तहले अनुगमन गरे पश्चात मात्र सिफारिस दिने निती ल्याइनेछ ।
- रु ३००००० (तीन) लाख भन्दा माथिका स्थानिय स्थिरका योजनाहरुको उपभोक्ता समिति बनाउँदा कम्तिमा ५१ प्रतिशत लाभग्राहीहरूको उपस्थिती समिति गठन हुनु पर्नेछ र भुक्तानी

लिनु पूर्व ५१ प्रतिशत कामदारहरुको उपस्थितमा जनप्रतिनिधिको रोहवरमा सावर्जानिक सुनुवाइ हुनु पर्ने नीति लिइनेछ ।

- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट सञ्चालित विकास आयोजनाहरुको रकम हिनामिना गर्ने गुणस्तरहिन काम गर्ने र समयमै काम सम्पन्न नगर्ने उपभोक्ता समिति र निर्माण व्यावसायीहरुलाई कालो सूचिमा राख्ते नीति लिइनेछ ।

**सामाजिक पुर्वाधार तर्फ**

- परम्परागत धर्म संस्कृत कला लोक संगित पुरातात्विक सम्पदाहरुको संरक्षण गर्नेको लागी विशेष निती तथा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।
- धार्मिक एवं पुरातात्विक महत्वको गाँउक्षेत्रका सम्पदाको सरोकारवालाहरुको समन्वयमा परिचालन गरी त्यसको संरक्षण र जगेर्नामा लगानी गर्ने निती अवलम्वन गरिनेछ ।
- कला संस्कृतिको प्रवर्द्धनको लागी आकस्ममिक एवं नियमित किसिमका कार्यक्रमहरु गर्ने निती अवलम्बन गरिनेछ ।
- बालमैत्री स्थानिय शासनको अवधारणालाइ यसै आर्थिक वर्षदेखी अवलम्बन गरिनेछ साथै उक्त अवधारणा प्रवर्द्धन एवं विकासका लागी आवश्यक क्रियाकलापहरु समेत संचालनमा ल्याइनेछ ।

**दण्ड पुरस्कार**

- निद्रिष्ट ऐन नियमले दिइएको अधिकार प्रयोग गरी दण्ड दिने तथा आवश्यक अनुसार उचित पुरस्कार दिने निती अवलम्बन गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितीलाइ सम्मान गर्ने तथा लापरवाही गर्ने उपभोक्ता समितिलाई आवश्यक कारवाही गरिनेछ ।
- सामाजिक परिचालन क्षेत्रमा काम गर्ने व्यात्तीहरुलाइ योगदानको आधारमा पुरस्कार तथा सम्मान दिने निती लिइनेछ ।
- संचार जगतमा पनि राम्रो काम गर्ने संचारकर्मीलाई र संस्थालाई कामको मूल्याङ्कनको आधारमा पुरस्कृत गरिनेछ ।

**लक्षित वर्ग समुदाय विकासः**

- जनतासँग अध्यक्ष कार्यक्रममार्फत अति विपन्न, गरिब, असहाय, असक्त तथा पछाडी परेका वर्गको हकहितका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- उपाध्यक्षसँग जनता कायक्रम अन्तर्गत उत्पिडित, विपन्न, एकल महिलाहरुसँग सम्बन्धित कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- अध्यक्षसँग दलित कार्यक्रम सञ्चालन गरिनेछ।

- बाल बचाउ बाल संरक्षण विकास र बाल सहभागीताका विविध पक्षहरुमा सम्बन्धित सरोकारवाला हरुसँगको समन्वयमा विशेष कार्यक्रम  सम्वोधन मार्फत बालमैत्री स्थानिय शासन स्थापन गर्नका लागि नीति तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बालबाल अधिकारको सूनिश्चित गर्न मूलभुतरुपमा बालबालिकालाई नै प्रत्यक्ष लाभ पुग्ने भौतिक संरचना निर्माण तथा बालबालिकको क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- नयाँ निर्माण गरिने भौतिक संरचनाहरु बालमैत्री र अपाङ्गमैत्री बनाइनुका साथै सामाजिक संरचनाहरुलाई बालमैत्री बनाउदै लगिनेछ ।
- लैगिंक उत्तरदायी वजेट कार्यान्वयनमा ल्याइनेछ । महिलालाई प्रत्येक्ष फाइदा पुग्ने भौतक एवं सामाजिक पुर्वाधार निर्माण गर्न विशेष प्रथमिकता दिइएनेछ । महिलामैत्री संरचना निर्माण गरिनेछ ।
- घरेलु हिंसा, यौनजन्य हिंसा लगायत अन्य हिंसाजन्य त्रियाकलापलाई निर्मुल गर्न सामाजिक सशक्तिकरणा कार्यक्रमहरु संचालन गरिनेछ ।
- लैंगिकमैत्री भाषाको प्रयोग गर्न विशेष सामाजिक संवादका भाषागत सुधार गर्ने कार्यक्रमहरु गरिनेछ।
- आर्थिक रुपमा आत्मनिर्माण गर्नको लागी महिलाहरुका लागि विभिन्न प्रकारका सिप विकास तालिम संचालन गरिनेछ ।
- महिला तथा बालबालिकाको क्षेत्रमा जोखिम न्यूनिकरणका लागि विभिन्न कोषको स्थापना गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको हकमा विशेष सशक्तिकरण एवं आयआर्जनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- शारीरिक रुपमा असक्त व्यक्तिहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- समाजमा उपेक्षित एवं उत्पिडित रुपमा रहेका दलित समुदायको विकासमा उनीहरुको आवश्यकता र क्षमताको आधारमा आयआर्जनका कार्यक्रमहरु अगाडी बढाइने नीति अबलम्बन गरिनेछ।
- जेष्ठनागरिकहरुलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।
- जातीय विभेद विरुद्ध हुने घटनाहरु न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- अन्तर्जातीय विवाह गरि सामाजिक वहिस्करणमा परेका जोडीहरुलाई समाजमा स्थापित गर्न पुरस्कारको व्यवस्था गरिनेछ।
- अन्त्यमा गाउँपालिकाको विकसमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक, श्रमिक, निजी, सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चारजगत् लगायत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यावाद ज्ञापन गर्दछु। गुठिचौर गाउँपालिकाको विकासमा सहयोग पुऱ्याउने संघीर सरकार, प्रदेश सरकार, छिमेकि पालिकाहरु, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, विकास साझेदारहरु सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु।

**आर्थिक वर्ष २०७९।८० को चालु तर्फको बजेट तथा कार्यक्रम**

| सि नं | शिर्षक | रकम | श्रोत |
|---|---|---|---|
| १ | कर्मचारी पारिश्रमिक | २७०९६००० | संघ |
| २ | स्थानीय भत्ता | ५०००००० | संघ |
| ३ | महंगी भत्ता | ११००००० | संघ |
| ४ | पोषाक भत्ता | १०००००० | संघ |
| ५ | फिल्ड भत्ता प्राविधिक | १२००००० | संघ |
| ६ | पदाधिकारीको सेवासुविधा | ४४००००० | प्रदेश |
| ७ | पदाधिकारीको अन्य सेवासुविधा | १२००००० | प्रदेश |
| ८ | घरभाडा | १०००००० | संघ र प्रदेश |
| ९ | पानी बिजुली खर्च | २००००० | संघ |
| १० | संचार शुल्क | ४००००० | प्रदेश |
| ११ | सरुवा भ्रमण खर्च | ३००००० | संघ |
| १२ | सवारी साधानको बिमा तथा नविकरण | ५००००० | संघ |
| १३ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन | ७००००० | संघ |
| १४ | बैठक भत्ता | १३००००० | संघ |
| १५ | मोटरसाइकल मर्मत सम्भार खर्च | १५००००० | संघ |
| १६ | चारपाङ्ग्रे सवारी मर्मत | २०००००० | संघ |
| १७ | इन्धन | ४५००००० | संघ |
| १८ | अन्य इन्धन | १०००००० | संघ |
| १९ | अन्य भाडा | ४००००० | संघ |
| २० | अनुगमन मूल्यांकन | १०००००० | संघ |
| २१ | कार्यक्रम खर्च तथा दिवस महोत्सव | ३००००० | संघ |
| २२ | कार्यालय सञ्चालन खर्च | ३३००००० | संघ र प्रदेश |
| २३ | वडा कार्यालय सञ्चालन खर्च | ६०००००० | संघ |
| २४ | विविध खर्च | २५००००० | संघ |
| २५ | सेवा परामर्श | १३७००००० | संघ |
| २६ | दैनिक भ्रमण खर्च | २०००००० | प्रदेश |
| २७ | क्षमता विकास कार्यक्रम | ५००००० | संघ |

| | | | |
|---|---|---|---|
| २८ | इन्टरनेट सेवा शुल्क | ५५२००० | संघ |
| २९ | गाउँसभा तथा कार्यपालिका बैठक | ५००००० | संघ |
| ३० | गाउँसभा सञ्चालन खर्च | ८००००० | संघ |
| ३१ | अतिथि सत्कार | ५००००० | संघ |
| ३२ | कार्यालय फर्निचर र अन्य व्यवस्थापन खर्च | ८००००० | संघ |
| **जम्मा रकम** | | **८७२४८०००** | |

**आर्थिक वर्ष २०७९।८० को पुँजिगत तर्फको बजेट तथा कार्यक्रम**

| सि नं | शिर्षक | रकम | आयोजना स्थल |
|---|---|---|---|
| १ | कृषि विकास कार्यक्रम | १५००००० | |
| २ | पशु विकास कार्यक्रम | १५००००० | |
| ३ | महिला विकास कार्यक्रम | ५००००० | |
| ४ | एम्बुलेन्स खरिद | १८००००० | |
| ५ | **Rural Altarasound Machine** | ८००००० | |
| ६ | स्वास्थ्य प्रयोगशाला स्थापना | १०००००० | |
| ७ | औषधि खरिद | १०००००० | |
| ८ | स्वास्थ्य सामग्री तथा उपकरणहरु खरिद | २००००० | |
| ९ | घुम्ति स्वास्थ्य सेवा | २००००० | |
| १० | सूचना प्रविधि शाखा विकास कार्यक्रम | ६५०००० | |
| ११ | सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम | ३००००० | |
| १२ | न्याय समिति व्यवस्थापन कार्यक्रम | ४००००० | |
| १३ | लघुउद्यम विकास कार्यक्रम | १००००० | |
| १४ | रेडियो गुठिचौर एफ एम | ९००००० | |
| १५ | विपद् व्यवस्थापन कोष | १०००००० | |
| १६ | गाउँपालिका भवन घेरावार | १६००००० | |
| १७ | **लक्षितवर्ग कार्यक्रम** | | |
| क | युवासँग अध्यक्ष विशेष कार्यक्रम | १०००००० | |

| | | | |
|---|---|---|---|
| ख | अध्यक्षसँग दलित विशेष कार्यक्रम | ५००००० | |
| ग | जेष्ठ नागरिक तथा जनजाती लक्षित कार्यक्रम | ३००००० | |
| घ | महिला तथा बालबालिकासँग उपाध्यक्ष कार्यक्रम | ८००००० | |
| ङ | अपाङ्ग तथा फरक क्षमता भएका व्यक्तिसँग उपाध्यक्ष कार्यक्रम | ४००००० | |
| १८ | बहुक्षेत्रीय पोषण कार्यक्रम | २००००० | |
| १९ | गाउँपालिका वृतचित्र निर्माण | ३००००० | |
| २० | पशु सेवा शाखा माथि एक तला थप्न र सभाहल | १८००००० | |
| २१ | निधार काठेपुल निर्माण | ५००००० | |
| २२ | मुडुरी सोलारजडान म्याचिङ फोण्ड वापत भुक्तानी | ३५००००० | |
| २३ | विपन्न नागरिकलाई स्वास्थ्य विमा | ९००००० | |
| २४ | पशु सेवा शाखाको भनका लागि झ्याल ग्रील र अन्य फर्निचर सम्बन्धी कार्य | ५००००० | |
| २५ | वडा नं १ का कार्यालय सहयोगी कमल बुढाको मृत्युपछिको पाउने सेवा सुविधा | १०३०००० | |
| २६ | रैथानेवाली घेरावार गडिगाउँ मनिगाउँ | ७००००० | गुठिचौर १ जुम्ला |
| २७ | गडिगाउँ खानेपानी निर्माण | १५०००० | गुठिचौर १ जुम्ला |
| २८ | हिमाली रम्बा आधारभूत विद्यालय टुहुरा बालबालिका अध्यायन घुम्ती तथा आवास व्यवस्थापन | ८५०००० | गुठिचौर १ जुम्ला |
| २९ | गडिगाउँ मनिगाउँ ढल निकास तथा गोरेटोबाटो पि सि सि | ६००००० | गुठिचौर १ जुम्ला |
| ३० | धुराकाट्ना खानेपानी निर्माण | १५०००० | गुठिचौर १ जुम्ला |
| ३१ | डिल्लिकोट खानेपानी ट्यांकी निर्माण | ५००००० | गुठिचौर १ जुम्ला |
| ३२ | डिल्लिकोट दलित एक घर सिकर्मी डकर्मी औजार वितरण योजना | ४००००० | गुठिचौर १ जुम्ला |
| ३३ | खाडगारी व्याउली पाटन सडक योजना | ५००००० | गुठिचौर १ जुम्ला |
| ३४ | वडा नं १ का विद्यार्थीलाई लोक सेवा आयोग तयारी कक्षा अनुदान | १००००० | गुठिचौर १ जुम्ला |
| ३५ | वडा नं १ म्याचिङ फोण्ड | ६००००० | गुठिचौर १ जुम्ला |
| ३६ | वडा कार्यालय मर्मत | ३५०००० | गुठिचौर १ जुम्ला |

| | | | |
|---|---|---|---|
| ३७ | गडिगाउँ महादेव मन्दिर जस्ता | १००००० | गुठिचौर १ जुम्ला |
| ३८ | मुडुरीगाउँदेखि घट्टेखोला सम्म कृषि जमिन जाली घेरावार | ८००००० | गुठिचौर २ मुडुरी |
| ३९ | पञ्चकोशि आ वि कोठा ढलान | ५००००० | गुठिचौर २ मुडुरी |
| ४० | मुडुरी गाउँघर क्लिनिक औषधि खरिद | २००००० | गुठिचौर २ मुडुरी |
| ४१ | कुडिसाङ्टा मन्दिर निर्माण | ६००००० | गुठिचौर २ कुडिगाउँ |
| ४२ | कोदाडी च्यानघाट सब प्रतिक्षालय निर्माण | ३००००० | गुठिचौर २ कुडिगाउँ |
| ४३ | मुडुरीगाउँदेखि सेतापैरासम्म बाटो निर्माण | ४००००० | गुठिचौर २ मुडुरी |
| ४४ | कुडिसाङ्टा काठेपुल निर्माण | ७००००० | गुठिचौर २ गोठिगाउँ |
| ४५ | ढाग्नादेखि ढुकेरासम्म सडक निर्माण | ५००००० | गुठिचौर २ गोठिगाउँ |
| ४६ | हिराधनन्जय आ वि खानेपानी निर्माण | २००००० | गुठिचौर २ गोठिगाउँ |
| ४७ | कुँडी आ वि घेरावार | १००००० | गुठिचौर २ कुडिगाउँ |
| ४८ | खोलापारी देखि स्यालासम्म घेरावार | १०००००० | गुठिचौर २ कुडिगाउँ |
| ४९ | म्याचिङ फोण्ड | ९५०००० | गुठिचौर २ विसौनी जुम्ला |
| ५० | गोठिगाउँ ढल निकास | १०००००० | गुठिचौर २ गोठिगाउँ |
| ५१ | पञ्चकोशि आ वि शौचालय निर्माण | ४००००० | गुठिचौर २ मुडुरी |
| ५२ | पञ्चकोशी आ वि ECD व्यवस्थापन | १००००० | गुठिचौर २ मुडुरी |
| ५३ | श्री शंकर पुरानो विद्यालय घेरावार | ८००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ५४ | मुलबाटो देखि तल्धारासम्म पि सि सि बाटो निर्माण | ५००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ५५ | पुरानो विद्यालय देखि धारोसम्म पि सि सि बाटो निर्माण | ५००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ५६ | श्री शंकर मा वि शौचालय निर्माण | ५००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ५७ | प्रतिक्षालय निर्माण | ३००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ५८ | कृषक स्वास्थ्य विमा | ३००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ५९ | दामदासे मसानघाट निर्माण | २५०००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ६० | नुवाखेत सिँचाइ कुलो निर्माण | ३००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ६१ | आधारभूत स्वास्थ्य कार्यालय व्यवस्थापन | १००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ६२ | गरिब तथा विपन्न वर्ग काज क्रिया खर्च | २००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |

| | | | |
|---|---|---|---|
| ६३ | बुढोमस्टो जाने बाटो निर्माण | २९४००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ६४ | वन तथा धारा व्यवस्थापन | २५६००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ६५ | हेलो वडा अध्यक्ष कार्यक्रम | १००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ६६ | मलखाद गुठिचौर एग्रोफम प्रा. लि. व्यवस्थापन | १००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ६७ | म्याचिङ फोण्ड | ५००००० | गुठिचौर ३ गर्ज्याङ्कोट |
| ६८ | चौबिगारे माझपनेरा राताढुङ्गा सम्म सडक निर्माण | ५००००० | गुठिचौर ४ विगारे |
| ६९ | साविक बाटो देखि कुमाईवाडा सम्म बाटो निर्माण | ३००००० | गुठिचौर ४ विगारे |
| ७० | पाचगाउँबाटो पि सि सि | २००००० | गुठिचौर ४ विगारे |
| ७१ | सम्पुवाडा बस्ती बाटो पि सि सि | २५०००० | गुठिचौर ४ विगारे |
| ७२ | दशौंदिगाउँ बाटो पि सि सि | ४००००० | गुठिचौर ४ |
| ७३ | थामीवाडा फाट्ने बाटोदेखि कालापाडा मन्दिर सम्म ग्रामिण सडक ग्रावेल | ४००००० | गुठिचौर ४ |
| ७४ | दशौंदिगाउँको तली नाउलो धर्मशाला निर्माण | २००००० | गुठिचौर ४ |
| ७५ | खलालगाउँको घ्यारघ्यारे चौर बाँकी बाटो पि सि सि | २००००० | गुठिचौर ४ |
| ७६ | ईखुल्या धारो मर्मत | ५०००० | गुठिचौर ४ |
| ७७ | पिडिल्याखोला ढल निकास | १५०००० | गुठिचौर ४ |
| ७८ | भेडारुख काजक्रियाका लि धर्मशाला निर्माण | १००००० | गुठिचौर ४ |
| ७९ | दलित संस्थाभवन देखि थार्पा थानसम्म पि सि सि बाटो निर्माण | ३००००० | गुठिचौर ४ |
| ८० | डाँडावाडा खानेपानी मर्मत | ४००००० | गुठिचौर ४ |
| ८१ | बाउलिगाउँ देवलधारा बाटो निर्माण | २००००० | गुठिचौर ४ |
| ८२ | बालुबाटोदेखि टोलढुस्का बाटो पि सि सि | २००००० | गुठिचौर ४ |
| ८३ | धवलपुरा भित्रिबाटो पि सि सि | ५००००० | गुठिचौर ४ |
| ८४ | पाचौर देखि चैतिखोला सडक निर्माण | ४००००० | गुठिचौर ४ |
| ८५ | उखादेवी मन्दिर निर्माण | ४००००० | गुठिचौर ४ |
| ८६ | धलपुरा कालिका मन्दिर निर्माण | १५०००० | गुठिचौर ४ |
| ८७ | निपाने कुलो मर्मत | १००००० | गुठिचौर ४ |

| | | | |
|---|---|---|---|
| ८८ | तुलराज न्यौपानेको मिल नजिक ग्याविन | ५०००० | गुठिचौर ४ |
| ८९ | म्याचिङ फोण्ड | ५००००० | गुठिचौर ४ |
| ९० | सत्यावादी मा वि फर्निचर व्यवस्थापन | ३००००० | गुठिचौर ४ |
| ९१ | उखाडी आ वि फर्निचर व्यवस्थापन | २००००० | गुठिचौर ४ |
| ९२ | डाँडावाडा देवि मस्टो थान निर्माण | ४००००० | गुठिचौर ४ |
| ९३ | जेष्ठनागरिक सम्मान कार्यक्रम | २००००० | गुठिचौर ४ |
| ९४ | देवनचाख पहिरो नियन्त्रण | १५०००० | गुठिचौर ४ |
| ९५ | बालु पहिरो रोकथाम | २००००० | गुठिचौर ४ |
| ९६ | धलपुरा साहुकोमुल धारो मर्मत | १००००० | गुठिचौर ४ |
| ९७ | माथिल्लो धितागाउँदेखि बाउली मुलसम्म गोरेटो बाटो निर्माण | ९००००० | गुठिचौर ५ धितागाउँ |
| ९८ | घोहमुनी कुलो निर्माण | ७००००० | गुठिचौर ५ फोइगाउँ |
| ९९ | कुम्डी दलित नमुना बस्ती निर्माण | ७००००० | गुठिचौर ५ कुम्डीगाउँ |
| १०० | कुम्डीगाउँ पि सि सि बाटो निर्माण | ५००००० | गुठिचौर ५ कुम्डीगाउँ |
| १०१ | पक्की सल्याव निर्माण ४ वटा | ६००००० | गुठिचौर ५ देपालगाउँ |
| १०२ | माथिल्लो लामपाटादेखि तल्लो लामपाटा सिँचाइ कुलो निर्माण | २००००० | गुठिचौर ५ देपालगाउँ |
| १०३ | वडा कार्यालय घेराबार निर्माण | ४००००० | वडा कार्यालय |
| १०४ | कार्यालय व्यवस्थापन तथा मर्मत | २००००० | कार्यालय |
| १०५ | जेष्ठनागरिक सम्मान कार्यक्रम | १००००० | |
| १०६ | जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम | १५०००० | |
| १०७ | म्याचिङ फोण्ड | ८००००० | |
| १०८ | देवकोटावाडा बाटो पि सि सि निर्माण | ५००००० | गुठिचौर ५ देपालगाउँ |
| १०९ | रोकवाडा सिचाइ कुलो निर्माण | २००००० | गुठिचौर ५ देपालगाउँ |
| ११० | कालिका आ वि घेरावार निर्माण | ३००००० | गुठिचौर ५ देपालगाउँ |
| १११ | स्वास्थ्य कार्यालय व्यवस्थापन | १००००० | गुठिचौर ५ देपालगाउँ |
| ११२ | थापाकुलो निर्माण | २००००० | गुठिचौर ५ देपालगाउँ |

| | | | |
|---|---|---|---|
| ११३ | ठाडो बाटो पि सि सि निर्माण | ४५०००० | गुठिचौर ५ देपालगाउँ |
| ११४ | जनप्रतिनिधिहरुलाई सवारी साधन खरिद | ३००००० | |
| ११५ | बिगारे पाँचगाउँ ढल निकास | ३००००० | |
| ११६ | लगानी सम्मेलनका लागि | ८००००० | |
| ११७ | वन विकास कार्यक्रम | ५००००० | |
| ११८ | खानेपानी मर्तम | ५००००० | |
| ११९ | चौकिदार व्यवस्थापन कार्यक्रम | ५००००० | |
| १२० | **CCTV Camera** निर्वाचन अधिकृत कार्यालय जडान वापतको भुक्तानी | ५००००० | |
| १२१ | पशुसेवा शाखा विद्युत वाइरिङ | ५००००० | |
| १२२ | सत्यवादी मा. वि. फर्निचर र मेसिनरी सामान खरिद | २००००० | |
| १२३ | खोडेखोला खानेपानी निर्माण | १५०००० | गुठिचौर ३ जुम्ला |
| १२४ | देउतीको थान निर्माण | ३००००० | गुठिचौर ५ जुम्ला |
| १२५ | फुर्केसल्ला खानेपानी | २००००० | गुठिचौर ५ जुम्ला |
| १२६ | चिलपैरादेखि नौमुलीसम्म सडक निर्माण | ६००००० | गुठिचौर ५ जुम्ला |
| १२७ | लामाचौरदेखि भित्ताखोलासम्म तटबन्धन | ६००००० | गुठिचौर २ जुम्ला |
| १२८ | लामपाटहुँदै जाडमडेखोला तटबन्धन | ८००००० | गुठिचौर ३ जुम्ला |
| १२९ | साङ्टादेखि लाग्नसम्म गोरेटो बाटो निर्माण | ४००००० | गुठिचौर २ जुम्ला |
| १३० | खोलादेखि माहादेवसम्म बाटो निर्माण | ५००००० | गुठिचौर ५ जुम्ला |
| १३१ | महादेव खानेपानी | ३००००० | गुठिचौर ५ जुम्ला |
| १३२ | गोठिगाउँ चियानघाट प्रतिक्षालय निर्माण | ४००००० | गुठिचौर २ जुम्ला |
| १३३ | ठुलासाँघुदेखि ताल्चासम्म गोरेटोबाटो निर्माण | ४००००० | गुठिचौर १ जुम्ला |
| १३४ | झारज्वालादेखि कोठिओडारहुँदै धपडासम्मको सडक स्तरोन्नती | २००००० | गुठिचौर ५ जुम्ला |
| १३५ | बागखोरा तिज मन्दिर निर्माण | ४००००० | गुठिचौर १ जुम्ला |
| १३६ | गडिगाउँ रैथानेबाली घेराबार | ११०००० | गुठिचौर १ जुम्ला |
| १३७ | खैरानीदेखि सिमसडासम्म बाटो पि सि सि | ५००००० | गुठिचौर ४ जुम्ला |

| | | | |
|---|---|---|---|
| १३८ | पिडिल्ल्याखोलादेखि चैतेखोलासम्म सडक स्तरोन्नती | ७००००० | गुठिचौर ४ जुम्ला |
| १३९ | चोत्र विद्युत मर्मत | ५००००० | गुठिचौर १ जुम्ला |
| १४० | रुमालदेव सिँचाइ ट्यांकी निर्माण | ३००००० | गुठिचौर ३ जुम्ला |
| १४१ | झिमारे खानेपानी | २००००० | गुठिचौर १ जुम्ला |
| १४२ | महारुद्र थान निर्माण | १५०००० | गुठिचौर १ जुम्ला |
| १४३ | मणिसाँघु दलित औजार विवरण | ५०००० | गुठिचौर १ जुम्ला |
| १४४ | दिलक फलफुल तथा जडिबुटी उद्योग घेराबार | २५०००० | गुठिचौर ५ जुम्ला |
| १४५ | चुल्याआरुदेखि दामदासेसम्मको सडक स्तरोन्नती | ४००००० | गुठिचौर ३ जुम्ला |
| १४६ | फोइ खानेपानी निर्माण | १००००० | गुठिचौर ५ जुम्ला |
| १४७ | झारज्वाला धर्मशाला चिता निर्माण | ८००००० | गुठिचौर ५ जुम्ला |
| १४८ | धाराखोलादेखि महिला विकास सम्म बाटो | ४००००० | गुठिचौर ५ जुम्ला |
| १४९ | धक्केउबाट कुवाकोट सम्म सिमखोलि सिँचाइ कुलो | ४००००० | गुठिचौर ४ जुम्ला |
| १५० | मसानपुछने प्रतिक्षालय | ६००००० | गुठिचौर १ जुम्ला |
| १५१ | स्याला बाटो निर्माण | ४००००० | गुठिचौर २ जुम्ला |
| १५२ | बाँजाघट्टदेखि खातीबाडासम्म सिँचाइ कुलो | ६००००० | गुठिचौर ४ जुम्ला |
| १५३ | झारज्वाला खानेपानी निर्माण धौलिगाड | ३००००० | गुठिचौर ५ जुम्ला |
| १५४ | लाग्नाकालिमाटी सम्म बाटो निर्माण | ५००००० | गुठिचौर ३ जुम्ला |
| १५५ | रामपाणे सिँचाइ ट्यांकी निर्माण | ४००००० | गुठिचौर ५ जुम्ला |
| १५६ | घट्टखोला पुछारा तटबन्ध निर्माण | ५००००० | गुठिचौर ३ जुम्ला |
| १५७ | डिल्लिकोट दोजाम सडक तटबन्ध निर्माण | ५००००० | गुठिचौर १ जुम्ला |
| १५८ | विसौनी घट्टदेखि पुलसम्म तटबन्ध निर्माण | ५००००० | गुठिचौर २ जुम्ला |
| १५९ | महिलासँग कार्यपालिका सदस्य कार्यक्रम | ६००००० | गुठिचौर |
| १६० | बाबिलाखोला जलविद्युत मर्मत | ४००००० | गुठिचौर २ जुम्ला |
| १६१ | पञ्चकोशी आ वि विद्यालय व्यवस्थापन | २००००० | गुठिचौर २ जुम्ला |
| १६२ | ढाइफाला छेडाभिड सिँचाइ प्याकुरेवाडा | ५००००० | गुठिचौर ४ जुम्ला |
| १६३ | धुरुल्ली चाखुरे ढुङ्गा पहिरो नियन्त्रण | ३००००० | गुठिचौ ३ जुम्ला |
| १६४ | दोचालगाड सिँचाइ कुलो निर्माण | ८१६०००० | गुठिचौर ३ जुम्ला |

| | | | |
|---|---|---|---|
| १६५ | बिगारे सिँचाइ लिफ्ट | ९००००० | गुठिचौर ४ जुम्ला |
| १६६ | गाउँपालिका भवन निर्माण | ४५००००० | गुठिचौर ४ जुम्ला |
| १६७ | खोलिगाड सिचाइ कुलो | १४०००० | गुठिचौर ३ जुम्ला |
| १६८ | चोत्र गुम्वा निर्माण | ४००००० | गुठिचौर १ जुम्ला |
| १६९ | राहातकोष वडा नं ३ | १००००० | गुठिचौर ३ जुम्ला |
| १७० | वडा नं ५ वन व्यवस्थापन | ४००००० | गुठिचौर ५ जुम्ला |
| १७१ | कालिका आ वि छत निर्माण | ६००००० | गुठिचौर ५ जुम्ला |
| १७२ | अदाली जल विद्युत निर्माण | २७७६९८ | गुठिचौर १ जुम्ला |
| १७३ | लक्षितवर्ग महिला कार्यक्रम वडा नं ५ | १५०००० | गुठिचौर ५ जुम्ला |
| १७४ | गाउँपालिका खानेपानी निर्माण | १०००००० | गुठिचौर ४ जुम्ला |
| १७५ | वडा नं ३ वडा व्यवस्थापन | २००००० | गुठिचौर ३ जुम्ला |
| १७६ | करार सेवाका विभिन्न कर्मचारीहरुको तलबभत्ता | २२००००० | |
| १७७ | शंकर मा. वि. घेरावार गर्ज्याङ्कोट | २४००००० | गुठिचौर ३ जुम्ला |
| १७८ | सत्यवादी मा. वि. घेरावार | १४००००० | गुठिचौर ४ जुम्ला |
| १७९ | खड्कदेवी मा. वि. बाहिरी नहर निर्माणमा | ९००००० | गुठिचौर १ जुम्ला |
| १८० | नापानी बाल विकास कक्षा सञ्चालन तथा व्यवस्थापन | ९००००० | गुठिचौर १ जुम्ला |
| १८१ | त्रिभुन मा वि **I. Sc. Ag.** र शैक्षिक व्यवस्थापन | २०००००० | गुठिचौर 5 जुम्ला |
| १८२ | आ वि उखाडी कक्षाकोठा व्यवस्थापन | ४००००० | गुठिचौर ४ जुम्ला |
| १८३ | कुडी आ वि मा दुईकोठे शौचालय निर्माण | ४००००० | गुठिचौर २ जुम्ला |
| १८४ | हिराधनन्जय आ वि शौचालय निर्माण | ४००००० | गुठिचौर २ जुम्ला |
| १८५ | हिमाली रम्बा आधारभूत विद्यालय टुहुरा बालबालिका आवास | २००००० | गुठिचौर १ जुम्ला |
| १८६ | तिनमासे आ वि व्यवस्थापन | २००००० | गुठिचौर १ जुम्ला |
| १८७ | देउराली आ वि व्यवस्थापन तथा घेरावार निर्माण | ४००००० | गुठिचौर ३ जुम्ला |
| १८८ | गर्ज्याङकोट ECD व्यवस्थापन | ४००००० | गुठिचौर ३ जुम्ला |
| १८९ | विद्यालयको शैक्षिक सुदृढीकरण (स्वयम सेवक शिक्षक) | ४५००००० | गुठिचौर १-५ |
| १९० | कम्प्युटर शिक्षक व्यवस्थापन | ८६०००० | गुठिचौर १-५ |

| | | | |
|---|---|---|---|
| १९१ | विभिन्न आयोजनाहरुको डि पि आर(चोत्रा, कुडीसान्टा र मडापोल्ला) विद्युत् उत्पादनका लागि संभाव्यता अध्यायन | १८००००० | |
| १९२ | शिक्षा शाखा व्यवस्थापन | २००००० | |
| १९३ | जनतासँग अध्यक्ष कार्यक्रम | ३००००० | |
| १९४ | महिलासँग उपाध्यक्ष कार्यक्रम | २००००० | |
| **जम्मा रकम** | | **१२०३१७६९८** | |